नेपाल सरकार

# गृह मन्त्रालय

(नागरिकता तथा राष्ट्रिय परिचयपत्र व्यवस्थापन शाखा)

फोन नं. ०१-४२११२४५
इमेलः-nagarikta@moha.gov.np

सिंहदरवार,
काठमाडौं, नेपाल ।

पत्र संख्याः- ८४२०७
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:- ४३०

नेपाल सरकार
गृह मन्त्रालय

मितिः२०८२।१२।०१
ने.सं. ११४६

**विषयः निर्देशन सम्बन्धमा ।**

**श्री जिल्ला प्रशासन कार्यालय, (सबै),**
**श्री इलाका प्रशासन कार्यालय, (सबै),**
**श्री सीमा प्रशासन कार्यालय, (सबै) ।**

प्रस्तुत विषयमा नेपाल नागरिकता ऐन, तथा नियमावली २०६३ ले नागरिकता प्रमाणपत्र प्राप्तिका लागि दिनुपर्ने निवेदन, नागरिकताको प्रमाणपत्र जारी गर्ने अधिकार, नेपाली नागरिकता त्याग लगायतको विषयमा स्पष्ट व्यवस्था भएकोमा कतिपय जिल्ला प्रशासन कार्यालयहरुबाट स-साना विषयमा समेत मन्त्रालयमा निर्देशन माग गरी पठाउँदा सेवाग्राहीले अनावश्यक दुःख पाएको गुनासो मन्त्रालयमा प्राप्त भएको हुँदा **नेपाली नागरिकता नियमावली २०६३ (चौथो संशोधन-२०८२) को नियम ८ को उपनियम (१) मा उल्लेखित (वंशज र अङ्गीकृत) नागरिकता प्रदान गर्ने अधिकार प्रमुख जिल्ला अधिकारीलाई नै रहेकोले कुनै नेपाली नागरिकले नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्नका लागि निजले पेश गरेको कागज/प्रमाण र वस्तुस्थिति एवं निजको सम्बन्धमा जे जे बुझनुपर्ने हो बुझि,यकिन गरी प्रचलित कानून बमोजिम नागरिकता प्रदान गर्नु गराउनुहुन"** यस मन्त्रालयको मिति २०८२/१२/०१ (सचिवस्तर) निर्णयानुसार अनुरोध छ ।

०८२/१२/०१
(अरुण राई)
शाखा अधिकृत

**नोटः** नागरिकता सम्बन्धी विशेष नीतिगत विषयमा मन्त्रालयमा निर्देशन माग गर्नै पर्ने भएमा यस मन्त्रालयको च.नं. ४४२, मिति २०७८/०९/१९ को पत्र बमोजिम निर्देशन माग हुन ।